# सोह्रौं योजनाको अवधारणापत्र

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको रूपान्तरणका लागि क्षेत्रगत तथा रणनीतिक विषयवस्तु

## १- पृष्टभूमि (Background)

नेपालको भौगोलिक अवस्थिति प्राकृतिक प्रकोपको दृष्टिले जोखिमयुक्त अवस्थामा रहेको छ । यहाँ बाढी, पहिरो, चटयाङ्ग, हावाहुरी, शीतलहर, तातोहावा (लू) जस्ता प्राकृतिक प्रकोप वर्षेनी दोहरिन्छन् । बढ्दो शहरीकरण र शहरोन्मुख ग्रामीणवस्तिमा समेत निर्माणधिन भवन लगायतका संरचनाको स्थिति भुकम्प प्रतिरोधी बनाउने प्रयास भैरहेकोछ । शहर तथा ग्रामीणवस्तिमा हुने डुवान, जनावर आतङ्क, शर्पदंश जस्ता विपद्का घटना पनि हुने गरेका छन् । सडक दुर्घटना, आगलागी, महामारी जस्ता मानवीय त्रुटी वा कमजोरीका कारणले हुने विपद्लाई घटाउँदै लग्ने प्रयास भैरहेकोछ । विकास निर्माणको गतिसँगै प्राकृतिक स्रोतको उपयोगमा पर्ने चापले विपद् जोखिम बढाएकोछ । सवारी आवागमन तथा मेशिन उपकरणको सञ्चालन लगायतबाट उतसर्जित हुने कार्वणको स्थितिले पनि मानव स्वास्थ्य र सार्वजनिक जीवनमा असर गरिरहेको छ । यहाँको मौसम तथा जलवायुजन्य अवस्था, जनजीवन, पेशा, व्यवसाय र प्राकृतिक स्रोतको दिगो उपयोग तथा व्यवस्थापनप्रतिको उदासिनताले विपद्को जोखिम बढाइरहेको छ ।

## २- विद्यमान अवस्था (Existing Scenario)

नेपाल जलवायु परिवर्नको असरका दृष्टिले चौथो, भूकम्पीय दृष्टिले एघारौं, बाढीको दृष्टिले तिसौं, समग्र प्राकृतिक प्रकोपको दृष्टिले बिसौं स्थानमा रहेको विपद् जोखिमयुक्त मुलुक हो । नेपालको भौगोलिक अवस्थिति, जनसंख्याको आकार र बसोवासको दृष्टिले पनि विपद्को जोखिम बढाएको छ । यसैले यहाँको भू-उपयोग नीति तथा योजना विपद् जोखिम संवेदनशील हुन आवश्यक छ । भौतिक विकास र संरचनाको बनोट तथा यिनको उपयोगमा विपद् सचेतनाको कमीका कारण संरचनागत जोखिम कायमै छ । विपद्का घटनाबाट कुल गार्हस्थ उत्पादनको औषत वार्षिक १.६% बराबरको क्षेति हुने गरेकोछ, जसका कारण विपद् प्रभावितहरू गरिबीको चपेटामा पर्नसक्ने जोखिम बढ्दोछ । पछिल्ला वर्षहरूमा विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत प्रावधानको तर्जुमा गरी लागुगर्ने, संस्थागत सुदृढीकरणलाई निरन्तरता दिने र विपद् जोखिम व्यवस्थापनका लागि यथेष्ट बजेटको व्यवस्था गर्नुका साथै सरकारी र गैरसरकारीक्षेत्रका बिचको सहकार्य र समन्वयमा काम कारवाही हुँदै आएकोछ । तथापी विकास निर्माणका काम गर्दा वा प्राकृतिक

स्रोतको उपयोग गर्दा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न नसक्नुको कारणले विपद् पछिको यसको व्यवस्थापनमा ठुलो धनराशी खर्च भैरहेको छ । नेपालले विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा बमोजिम विपद् जोखिम न्यूनीकरण राष्टिय नीति र राष्ट्रिय रणनीतिक कार्ययोजना तर्जुमा गरी सरकारका तिनवटै तहबाट कार्यान्वयन हुँदै आएको छ ।

## ३- मुख्य सवाल तथा चुनौति (Major Issues and Challenges)

क. प्राकृतिक प्रकोपको जोखिम नक्शाङ्कन गर्ने, उक्त जोखिमको न्यूनीकरण गर्ने र विकास निर्माणका काम गर्दा संभावित जोखिम न्यूनीकरणको कार्यलाई प्राथमिकताका साथ लागुगर्ने ।

ख. विपद् प्रभावितको तत्काल खोज, उद्धार र राहतका कार्यक्रम सञ्चालन गर्न दक्ष जनशक्ति, आवश्यक उपकरण तथा वन्दोबस्ति र विपद् व्यवस्थापन कोष परिचालन प्रक्रियालाई सरलीकृत गर्ने ।

ग. विपद् प्रभावितको पुनस्थापना र पुनःनिर्माण गर्दा चाहिने स्रोत साधनको व्यवस्थापन गर्ने ।

घ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सरकारी, निजी र गैरसरकारीक्षेत्रका साथै अन्तर निकाय र अन्तरतह समन्वय गर्ने ।

## ४- रूपान्तरणका रणनीति (Transformation Strategies)

क. प्राकृतिक प्रकोपको जोखिम नक्शाङ्कन गरी सोही अनुरूप विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने ।

ख. विकास निर्माणका कार्य गर्दा संभावित विपद् जोखिमको न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ लागुगर्ने ।

ग. प्राकृतिक स्रोत साधनको उपयोग गर्दा यसको दिगोपना कायम गरी संभावित जोखिम न्यूनीकरणका पक्षलाई ध्यान दिने ।

घ. विपद् प्रभावितको खोज, उद्धार र राहतका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न उपयुक्त संयन्त्रको व्यवस्था र परिचालन प्रक्रियाको तर्जुमा गर्ने ।

ङ. विपद् प्रभावितको पुनस्थापना र पुनःनिर्नमाण गर्दा अझ राम्रो र बलियो अवधारणाका साथ कार्यक्रम सञ्चालन गर्ने ।

च. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सरकारी, निजी र गैरसरकारीक्षेत्रका साथै संघ, प्रदेश र स्थानीय तहका बिचको समन्वय र सहकार्यका साथ गर्नुपर्ने कार्य सूचीकृत गर्ने ।

**५- मुख्य कार्यक्रम (Major Interventions)**

क. विपद्को स्वरूप अनुरूप हरेक वर्ष दोहरिने प्राकृतिक प्रकोपको जोखिम नक्शाङ्कन गर्ने र समुदायको सहभागितामा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने ।

ख. विकास निर्माणका काम गर्दा वातावरण जोखिम मूल्याङ्कन तथा संभावित विपद् जोखिमको न्यूनीकरण गर्ने ।

ग. जलवायु परिवर्तनको असरलाई अनुकूलन गर्दै प्राकृतिक स्रोत साधनको उपयोग गर्दा यसको दिगोपना र वातावरणिय सन्तुलन कायम राख्ने विषयमा ध्यानदिने ।

घ. प्रकोपको विविधता अनुरूप लक्षित समुदायमा समयमै सूचना पुग्ने गरी बहुप्रकोप पूर्वसूचना प्रणाली लागु गर्ने ।

ङ. विश्वमा पछिल्लो समयमा प्रचलनमा आई प्रभावकारी देखिएका विपद् संवेदनशील सामाजीक सुरक्षा तथा पूर्वानुमान आधारीत पूर्वकार्य जस्ता नविनतम् बिधिको माध्यमबाट सहयोग र राहत उपलब्ध हुने कार्यक्रम सञ्चालन गर्ने । ।

च. विपद् व्यवस्थापनका लागि स्थानीयतहहरूले स्वयंसेवक व्युरोको गठन र स्वयंसेवक परिचालनको कार्यगर्ने ।

छ. विपद् प्रतिकार्यका लागि परिचालन गरिने खोज तथा उद्धार समूहको गठन गरी क्षमता विकास गर्ने ।

ज. संभावित विपद्को प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी गर्ने ।

झ. प्रकोपको जोखिमयुक्त अवस्थामा रहेकाहरूको लागि अग्रीम सहयोग तथा प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्ने ।

ञ. विपद् प्रभावितको राहत तथा पुनस्थापनाका लागि जीवन तथा निर्जीवन बिमा कार्यक्रम लागु गरी जोखिम हस्तान्तरणका विधि अवलम्बन गर्ने ।

ट. संघ, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन कोषको गठन गरी आपसी समन्वयमा दोहरो नपर्ने गरी परिचालन गर्ने ।

ठ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि “बजेट कोड” को व्यवस्थागर्ने ।

ड. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन संरचना र अधिकारक्षेत्रमा पुनरावलोकन गरी संस्थागत सुदृढीकरण गर्ने ।

## ६- परिमाणात्मक लक्ष (Quantitative Targets)

| परिसूचक | २०७९\८० सम्मको अवस्था | २०८५\८६ को लक्ष्य |
|---|---|---|
| १. विपद्बाट प्रभावित भई मृत्यु हुनेको संख्या घटाउने । | विपद्मा परी मृत्युहुने वार्षिक प्रतिलाख .... संख्या रहेको । | विपद्मा परी मृत्युहुने वार्षिक प्रतिलाख .... संख्या घटाउने । |
| २. विपद्बाट प्रभावित भई घाइते हुनेहरूको संख्या घटाउने । | विपद्मा परी घाइतेहुने वार्षिक .... संख्या रहेको । | विपद्मा परी घाइतेहुने वार्षिक .... संख्या घटाउने । |
| ३. विपद्बाट प्रभावित भई विस्थापित हुनेहरूको संख्या घटाउने । | विपद्मा परी विस्थापितहुने वार्षिक .... संख्या रहेको । | विपद्मा परी विस्थापितहुने वार्षिक .... संख्या घटाउने । |
| ४. विपद्का कारणले हुने संपत्तिको क्षेति तथा हानी नोक्शानीको मात्रा घटाउने । | विपद्मा परी क्षेतिहुने वार्षिक .... बराबरको हानी नोक्शानी हुने गरेको। | विपद्मा परी क्षेतिहुने वार्षिक .... बराबरको हानी नोक्शानी घटाउने। |
| ५. विपद् उत्थानशीलताका लागि सरकारी र निजिक्षेत्रको लगानी बढाउने । | विपद् उत्थानशीलताका लागि ... लगानी हुने गरेको । | विपद् उत्थानशीलताका लागि ... लगानी बढाउने । |
| ६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संस्थागत सुदृढीकरण गर्ने । | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विद्यमान संगठन संरचना र अधिकारक्षेत्रमा पुनरावलोकन गर्ने । | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विद्यमान संगठन संरचना र अधिकारक्षेत्रमा पुनरावलोकन गरी संस्थागत सुदृढीकरण गर्ने । |

**पुनश्चः**

१- पन्धौं योजनाको समिक्षामा विपद्ले पारेको प्रभाव र त्यसका कारणले हुन गएको हानी नोक्शानीको स्थितिको संक्षिप्त चित्रण थप गर्नुपर्ने ।

२- विकास प्रयासमा देखिएका मुलभूत सवाल तथा चुनौतिमा नेपालमा जलवायु परिवर्तनको असर, प्राकृतिक प्रकोपको जोखिम र विपद्को बढ्दो आवृत्तिको स्थिति पनि एक मुख्य चुनौति हो भन्नेकुरा थप गर्नुपर्ने ।

३- संरचणागत रूपान्तरणका क्षेत्र तथा रणनीतिमा जलवायू परिवर्नको असर, प्राकृतिक प्रकोपको जोखिम र विपद्का घटनाको बढ्दो आवृत्तिको ऐउटा छुट्टै शीर्षक राखेर यसको पृष्टभूमि, विद्यमान अवस्था,

मुख्य सवाल तथा चुनौति, रूपान्तरणका रणनीति, मुख्य कार्यक्रम र परिमाणत्मक लक्ष राख्न उपयुक्त हुने ।

४- योजना तर्जुमाको विधिमा जलवायु परिवर्तन व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका मामिलामा थप छलफल र गृहकार्यको आवश्यक देखिन्छ ।

५- माथि नं (४) बमोजिमको कार्यबाट जलवायु परिवर्तन व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विषयमा अपेक्षित नतिजाको खाका स्पष्ट हुन सक्दछ ।